# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
## प्रशासन महाशाखा, सानोठिमी, भक्तपुर
## सेवा करारको लिखित परीक्षाको मिति परिवर्तन गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना !!!

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतका शिक्षालयहरुमा अर्को निर्णय भई आएमा स्वतः नरहने गरी २०८० असार मसान्तसम्मको लागि प्राविधिक तथा प्रशिक्षण सेवा र प्रशासन सेवाका विभिन्न पदहरुको लागि सेवा करारमा लिनका लागि मिति २०७९।०३।०८ गतेको गोरखापत्र र परिषद् कार्यालयको वेबसाइटमा सूचना प्रकाशित भई विद्युतीय माध्यमबाट दरखास्त दिएका उम्मेदवारहरुको लिखित परीक्षा कार्यक्रम मिति २०७९।०६।२७ गते र मिति २०७९।०६।२८ गते विहान ८:०० बजे र दिउँसो ३:०० बजे संचालन हुने गरि परीक्षा केन्द्र समेत निर्धारण गरिएकोमा **विशेष कारणबस** उक्त परीक्षाको मिति परिवर्तन भई तपसील बमोजिमको मिति, समय र परिक्षा केन्द्रमा संचालन हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यसबाट पर्न गएको असुविधा प्रति परिषद् कार्यालय क्षमाप्रार्थी चाहान्छौ।

| सि.नं. | पद तथा श्रेणी | परीक्षा हुने मिति | समय |
|---|---|---|---|
| १. | अधिकृतस्तर तृतीय श्रेणी प्राविधिकतर्फका सबै पदहरु | २०७९।०८।०९ | विहान ८:०० बजे |
| २. | सहायकस्तर प्रथम श्रेणीका प्रशासनतर्फको प्रशासकिय सहायक सबै | २०७९।०८।०९ | विहान ८:०० बजे |
| ३. | सहायकस्तर प्रथम श्रेणीका प्राविधिकतर्फका सबै पदहरु | २०७९।०८।०९ | दिउँसो ३:०० बजे |
| ४. | सहायकस्तर द्वितीय श्रेणीका प्राविधिकतर्फका सबै पदहरु | २०७९।०८।१० | विहान ८:०० बजे |
| ५. | सहायकस्तर प्रथम श्रेणीका लेखापालको सबै | २०७९।०८।१० | विहान ८:०० बजे |
| ६. | सहायकस्तर द्वितीय श्रेणीका प्रशासतर्फको कार्यालय सहायक सबै | २०७९।०८।१० | दिउँसो ३:०० बजे |

| दरखास्त दिएका कार्यालय/शिक्षालय | परीक्षा केन्द्र |
|---|---|
| प्रदेश नम्बर एक अन्तर्गतका शिक्षालयहरुका पदहरुमा दरखास्त दिएका सम्पूर्ण उम्मेदवारहरु | राष्ट्रिय माध्यमिक विद्यालय, हासपोसा, इटहरी, सुनसरी |
| मधेश प्रदेश अन्तर्गतका शिक्षालयहरुका पदहरुमा दरखास्त दिएका सम्पूर्ण उम्मेदवारहरु | बिपी स्मृति बहुप्राविधिक शिक्षालय, सपही, धनुषा। |
| बागमती प्रदेश अन्तर्गतका शिक्षालयहरुका पदहरुमा दरखास्त दिएका सम्पूर्ण उम्मेदवारहरु | बालाजु स्कूल अफ ईन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी, बालाजु, काठमाडौं। |
| गण्डकी प्रदेश अन्तर्गतका शिक्षालयहरुका पदहरुमा दरखास्त दिएका सम्पूर्ण उम्मेदवारहरु | अमरसिंह माध्यमिक बिद्यालय, पोखरा, कास्की। |
| लुम्बिनी प्रदेश अन्तर्गतका शिक्षालयहरुका पदहरुमा दरखास्त दिएका सम्पूर्ण उम्मेदवारहरु | कोरिया नेपाल बहुप्राविधिक शिक्षालय, ताम नगर रुपन्देही। |
| कर्णाली प्रदेश अन्तर्गतका शिक्षालयहरुका पदहरुमा दरखास्त दिएका सम्पूर्ण उम्मेदवारहरु | श्रीकृष्ण संस्कृत तथा साधारण माध्यमिक बिद्यालय, इतराम, बिरेन्द्रनगर, सुर्खेत। |
| सुदुरपश्चिम प्रदेश अन्तर्गतका शिक्षालयहरुका पदहरुमा दरखास्त दिएका सम्पूर्ण उम्मेदवारहरु | श्री सरस्वती माध्यमिक बिद्यालय, मनिहरा धनगढी, कैलाली। |

श्च : दरखास्त फाराम स्वीकृत भएका उम्मेदवारहरुको प्रवेश पत्र मिति २०७९ मंसीर ७ र ८ गते सम्बन्धित प्रदेश कार्यालयबाट प्रदान गरिने व्यहोरा जानकारी गराइन्छ। बागमती प्रदेशको हकमा बालाजु स्कूल अफ ईन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी, बालाजु, काठमाडौंबाट हुनेछ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, सानोठिमी, भक्तपुर

२०७९।०६।२३

बद्री प्रसाद दाहाल
प्रशासकीय अधिकृत